परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १४ ❑ अंक १९ २०८२ मंसिर २१ आईतवार Sunday &, DEC 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन वर्ष,
२०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

## नेपाल बाँतर सरदार कल्याणकारी समितिको २९ औं साधारण सभा सम्पन्न



विराटनगर । सुनसरी जिल्लाको इटहरी नगरपालिका-१२ खनाहरमा नेपाल बाँतर सरदार समाज कल्याणकारी केन्द्रीय समितिको २९ औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

२९ औं वार्षिक साधारणसभालाई सम्बोधन गर्नुहुँदै नेपाल बाँतर सरदार समाज कल्याणकारी केन्द्रीय समितिका पूर्वकेन्द्रीय सभापति मोहनलाल सरदारले समाज उत्थान गर्न अहिलेको युवा पुस्ताहरु सक्रिय भएर अगाडी बढन उहाँले सुझाव दिएका थिए ।

बाँतर जातिका बाल बालिकाहरुलाई शिक्षाको क्षेत्रमा अगाडी बढाउन केन्द्रीय समिति, महिला केन्द्रीय, जिल्ला, प्रदेश, र जिल्ला युवा समितिलगायत बाँतर जातिका अगुवा र पदाधिकारीहरुलाई एक ढिकाभएर अगाडी बढन समेत आग्रह गरेका थिए ।

साधारणसभामा केन्द्रीय महासचिव पदमकुमार सरदारले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन स्वागत योगय रहेको उहाँले प्रशंसा व्यक्त गरेका थिए ।

कार्यक्रममा बरिष्ठ उपसभापति चन्द्रेश्वर सरदार, सह-अध्यक्ष सुभाष सरदार, पूर्वजिल्ला सभापति गयानन्द सरदार, मोरङ जिल्ला सभापति अनिल सरदार, युवा सभापति विनोद सरदार, कटहरी गाउँपालिकाकी पूर्वउपाध्यक्ष मन्जिता कुमारी सरदार र इटहरी नगरपालिका वडा नं : १२ का वडाअध्यक्ष भुवन राज पोखरेल लगायतले शुभकामना व्यक्त राखेका थिए । साधारणसभामा मोरङ, सुनसरी, झापा, सप्तरी, सिरहा, धनुषा र मोहतरी लगायतका सदस्यहरुले सहभागिता जनाएका थिए ।

## जतुवा खोपानी संचालन हुन नपाउँदै, जिर्ण अवस्थामा

**पदमकुमार सरदार**

विराटनगर । करीब १८ वर्ष पहिले विराटनगर-१४ मा जतुवा खानेपानी योजना उपभोक्त समिति मार्फत निर्माण गरिएको खानेपानीको पूर्वाधारहरु खानेपानी सञ्चालन हुन नपाउँदै जिर्ण अवस्थामा पुगेको छ ।

जतुवामा निर्माणधिन रहेको जतुवा खानेपानी योजनाको १८ वर्ष वित्तिसक्दा पनि जतुवा बासीहरुले खानेपानी अहिले सम्म उपभोग गर्न नसको गुनासो स्थानीयहरु गरेका छन्।

नेपाल सरकारको सहयोगमा विराटनगर-१४ मा जतुवा खानेपानी उपभोक्ता समितिले निर्माण गरेको थियो । जतुवा खानेपानी सञ्चालन हुन नपाउँदै अहिले जिर्ण अवस्थामा छ । पानीको टंकी, पाईपमा खियाँ लागेर काम नलाग्ने अवस्थामा छ । स्थानीय विवाद र सरकारबाट योजना नआएका कारण काम रोकीएको थियो ।

उक्त जतुवा खानेपानी योजनाका लागि खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय कोशी प्रदेश सरकारले २०८२ साल बैशाख ५ गते मन्त्रि स्तरीय निर्णय गरेर नेपाल खानेपानी संस्थान विराटनगर शाखालाई स्वामित्व हस्तान्तरण गरेको थियो । स्थानीय उपभोक्ताहरुले खानेपानी संस्थानले खाने पानी सञ्चालन नगरेको भन्दै गुनासो गरेका छन् ।

खानेपानी योजना निर्माण भएमा १० हजार भन्दा बढी स्थानीय उपभौत्ताहरुले खानेपानी प्रयोग गरिने छन् । यदि यो जीर्ण हुँदै गएको खानेपानी योजना मर्मत नगरेमा भत्किन सकिने प्रवल सम्भावना रहेको छ । भत्किदा जतुवाका स्थानीय उपभौत्ताहरु पानी प्रयोग गर्न बाट बञ्चित हुने पक्काछ । अहिले जतुका स्थानीयहरु कलको पानी प्रयोग गर्दै आईरहेका छन् । स्थानीय उपभौक्ता हरिप्रसाद यादवले सरकारले रकम नदिएका कारण जतुवा खानेपानी योजना बन्द अवस्थामा रहेको वताए । खनेपानी निमार्ण नगर्दा दैनिक जिवन यापन गर्न र बर्षा याममा झन बढी समस्या हुँदै आई रहेको उहाँको भनाईछ ।

उक्त विषयमा नेपाल खानेपानी संस्थान विराटनगर शाखाका प्रमुख सन्तोष कुमार रौनियारसंग जिज्ञासा राख्दा खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय कोशी प्रदेश सरकारले स्वामित्व हस्तान्तरण मात्र गरेको छ, रकम अहिले सम्म नपाठएको कारण काम सुचारु हुन नसकेको प्रतिक्रिया दिए । खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय कोशी प्रदेश सरकारले रकम पठाउन वित्तिकै काम छिटो सम्पन्न गरेर उपभौक्ताहरुलाई सेवा दिने प्रमुख रौनियारको भनाई छ ।

विराटनगरको जतुवामा रहेको निर्माणधिन जतुवा खानेपानी योजना ८ कट्ठा १० धुर क्षेक्रलमा ४ करोड ३२ लाख लागतमा नेपाल सरकारको सहयोगमा जतुवा उपभौक्ता समितिले निर्माण गरेको थियो ।

## अपराधिक गतिविधीमा संलग्नलाई कारवाहीको माग

विराटनगर । नेपाल कम्युनिष्ट पार्टी एमाले मोरङले गत भदौ २३ र २४ गते जेनजी उमेर समुहका यूवाहरुले गरको आन्दोलनको क्रममा सार्वजनिक, सरकारी र निजी सम्पत्तीमा तोडफोड, लुटपाट र आगजनी जस्ता अपराधि गतिविधीमा संलग्नहरुलाई कारवाहीको माग गर्दै प्रहरीमा जाहेरी दिएको छ ।

एमालेका १४ वटा जनसंगठनका अध्यक्षहरुले सामुहिक रुपमा जाहेरी दिएका हुन । जेनजी आन्दोलनका क्रममा सार्वजनिक, सरकारी र निजी सम्पत्तीमा तोडफोड, लुटपाट र आगजनीमा संलग्नहरुको विवरण सहित एमालेले कारवाहीको माग गर्दै जाहेरी जाहेरी दर्ता गराएको छ ।

मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलको उपस्थितिमा प्रहरी प्रमुख एसपी कवित कटवाललाई जाहेरी बुझाईएको एमाले मोरङले गठन गरेको कार्यदलका सदस्य मुकेश बुढाथोकीले जानकारी दिए । जाहेरी ग्रहणगर्दै एसपी कटुवालले घटनामा संलग्नहरुलाई कारवाही गरिने वताए । लुटपाट, तोडफोड र आगजनीमा संलग्नहरुलाई पक्राउ गर्न शुरु गरिएको बताउनुहुँदै उहाँले एमालेले दिएको जाहेरीले अनुसन्धानमा थप सहयोग पुग्ने भएको छ ।

एमाले मोरङले गठन गरेको अध्ययन कार्यदलको प्रतिवेदनका आधारमा घटनामा संलग्नहरुलाई कारवाहीको माग राखेर जनसंगठनहरुले सामुहिक रुपमा जाहेरी दिएको एमाले मोरङका सचिव सोमराज थापाले वताए । उहाँका अनुशार जाहेरीसँगै घटनामा संलग्न व्यक्ति, आपराधिक समूहको फोटो, भिडियो सहितको विवरण समावेश गरिएको छ ।

एमाले मोरङले अध्ययन प्रतिवेदन पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरेको थियो । पार्टी कार्यालय पाञ्चालीमा अध्ययन कार्यदलका संयोजक तथा कोशी प्रदेशसभा सदस्य उमाकान्त गौतमले प्रतिवेदन एमाले मोरङका अध्यक्ष अजम्वर राई र केन्द्रीय सदस्य तथा मोरङ इन्चार्ज जीवन घिमिरेलाई संयुक्त रुपमा हस्तान्तरण गरेका थिए ।

प्रतिवेदन हस्तान्तरण गर्दै उहाँले मोरङका सवै सार्वजनिक, सरकारी र निजी सम्पत्तीमा भएको तोडफोड, लुटपाट र आगजनीको विवरण सार्वजनिक गर्नु भएको थियो । अध्ययन कार्यदलका संयोजक गौतमले स्थलगत अध्ययनका क्रममा ५ अर्वको क्षति भएका वताए ।

पत्रकार सम्मेलनमा केन्द्रीय सदस्य तथा मोरङ इन्चार्ज जीवन घिमिरेले सरकारले सार्वजनिक, सरकारी र निजी सम्पत्तीमा भएको तोडफोड, लुटपाट र आगजनीबारे अध्ययन गरेपनि एमालेले पनि छुट्टै अध्ययन गरेको छ । एमालेले गरेको अध्ययनमा मोरङको समग्र क्षतिको विवरण समेटिएको छ । शुक्रबार जनसंगठनहरुका तर्फबाट संयुक्त जाहेरी दिइएको र त्यसपछि व्यक्तिगत रुपमा पनि जाहेरी दिइने नेता घिमिरेले वताए

जनवर्गिय संगठनहरु राष्ट्रिय यूवा संघ नेपाल, अनेरास्ववियु, अखिल नेपाल महिला संघ, नेपाल खेलकुद महासंघ, अखिल नेपाल पिछडावर्ग महासंघ, राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी संगठन, भूमि अधिकार तथा श्रमिक संगठन, अखिल नेपाल किसान महासंघ, लोकतान्त्रिक आदिवासी जनजाती महासंघ, नेपाल बौद्धिक परिषद्, पेशागत महासंघ नेपाल, नेपाल

वांकी अन्तिम पेजमा...



मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.नं. ०४/०७७/०७८

# प्रतिवन्धित लागुऔषध ट्रमाडोल बरामद

विराटनगर । सुनसरीको इनरुवा नगरपालिका-९ स्थित इनरुवा-जाल्पापुर भित्री सडक खण्डबाट ४ सय ६० किलोग्राम लागूऔषध गाँजा सहित सवारी साधन नियन्त्रणमा लिईएको छ ।

मंसिर १६ गते जिल्ला प्रहरी कार्यालय सुनसरीबाट प्रहरी उपरीक्षक केशव कुमार थेवेको कमाण्डमा खटिएको प्रहरी टोलीले सडक छेउमा रोकी राखेको बा. ३ च ५५८५ नम्बर को स्कारपियो गाडीलाई शंका लागी चेकजाँचको क्रममा गाडी भित्र १६ वटा प्लास्टिकको बोरामा प्याकिङ गरी राखेको ४ सय ६० किलोग्राम गाँजा बरामद गरेको थियो ।

गाडीबाट गाँजा बरामद भएसंगै ओसार पसारमा संलग्न चालकको खोजतलास भईरहेको छ । त्यसै गरी इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान-१३ स्थितमा चेकजाँचको क्रममा शहिदभूमी गाउँपालिका-७ का रोहन राईलाई ८ किलो ४९५ ग्राम गाँजा सहित पक्राउ गरेको थियो ।

मोरङको धनपालथान गाउँपालिका-१ गडेरीया स्थितबाट बेबारीसे अवस्थामा रहेको प्रतिबन्धित औषधी ट्रामोल २९ हजार ६ सय ८० क्याप्सुल प्रहरीले बरामद गरेको छ ।

मंसिर १६ गते बिशेष सूचनाको आधारमा प्रहरी चौकी गडेरीयाबाट खटिएको प्रहरी टोलीले धनपालथान गाउँपालिका -१ गडेरीया टोल स्थित बाँसको झ्याङमा २ वटा झोलामा बेवारिसे अवस्थामा रहेको प्रतिबन्धित औषधि ट्रामोल २९ हजार ६ सय ८० क्याप्सुल बरामद गरेको थियो ।

लागू औषध बरामद भए संगै ओसार पसारमा संलग्न व्यक्तिको खोजतलास तथा थप अनुसन्धान भईरहेको छ । चेकजाँचको क्रममा सुनसरीको अस्थायी प्रहरी बिट जोरसखुवाले धरान-१३ स्थितबाट प्रतिवन्धित औषधी २७६ चक्की सहित १ जनालाई पक्राउ गरेको थियो ।

## अपराधिक...

उत्पीडित जातिय मुक्ति समाज, नेपाल मुस्लिम इत्तेहात संगठन लगायतका प्रमुख तथा प्रतिनिधिहरुले संयुक्त रुपमा जाहेरी दिएका हुन ।

एमालेले गठन गरेको कार्यदलमा उमाकान्त गौतम सहित सदस्यहरु मुकेश बुढाथोकी, भोला अधिकारी, इरन राई र अजिम आलम रहेको थियो ।

# लागुऔषध सहित ६ नियन्त्रणमा



विराटनगर । लागुऔषध ब्राउन सुगर सहित ४ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

सुनसरीको इलाका प्रहरी कार्यालय पकली र लागू औषध नियन्त्रण ब्यूरो विराटनगरले लागूऔषध ब्राउन सुगर ओसार पसारमा संलग्न रहेका ४ जनालाई १ सय ४१ ग्राम ४ सय ६० मिलिग्राम र २ जनालाई १ ग्राम ४० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

मंसिर १६ गते सुनसरीको रामधुनी नगरपालिका-१ स्थितमा लागू औषधको कारोबार भईरहेको भन्ने बिशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले कोशी गाउँपालिका-५ का ३६ बर्षीय साहबुदिन आलम, इटहरी उप-महानगरपालिका-१८ का २० बर्षीय मोहमद साबिर, २४ बर्षीय रहमत अली र २४ बर्षीय मोहमद असलमलाई १ सय ४१ ग्राम ४ सय ६० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो । सोही दिन झापाको प्रहरी चौकी टाघनडुब्लाले शिवसताक्षी नगरपालिका-६ का ओम नारायण राजबंशी र मनोज राजबंशीलाई १ ग्राम ४० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

त्यसैगरी मोरङ र उदयपुरको बिभिन्न स्थानहरुबाट मंसिर १५ गते बिशेष सूचनाको आधारमा मोरङको इलाका प्रहरी कार्यालय बिराटचोकबाट खटिएको प्रहरी टोलीले सुन्दरहरैंचा नगरपालिका-११ का बिजय तोलाङ्गीको घर कोठाबाट लागू औषध ट्रामाडोल १८० क्याप्सुल र स्पास्पेन १७० ट्याब्लेट बरामद गरी पक्राउ गरेको थियो ।

मोरङको प्रहरी चौकी कटहरीबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले प्र १-०२-००४ ह २५२४ नम्बरको सिटी सफारीमा लुकाई छिपाई ल्याउदै गरेको १० किलोग्राम लागू औषध गाँजा सहित सिटि चालक जहदा गाउँपालिका-७ का २० बर्षीय शसी मण्डललाई नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी उदयपुरको प्रहरी चौकी लालपताबाट गस्तीमा खटिएको प्रहरी टोलीले बिभिन्न प्रकारका प्रतिबन्धित लागू औषध ट्याब्टेल १७९ वटा र एम्पुल ६ वटा सहित कटारी नगर पालिका-७ का किरण नेपालीलाई नियन्त्रणमा लिएको थियो ।

लागू औषध सहित पक्राउ परेका सबैजनाको सम्वन्धि प्रहरी कार्यालयबाट थप अनुसन्धान भई रहेको छ ।

NO SMOKING

वातावरण स्वच्छ राखौं ।

- धुवाँ तथा धुलो उडाउने काम नगरौं,
- फोहर तथा प्लाष्टिकजन्य पदार्थ नजलाऔं,
- जथाभावी फोहर नफालौं,
- कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गरौं,
- घर, टाल तथा सडक सफा राखौं,
- घर वरपर वोट वरूवा लगाऔं,
- सवारी साधनबाट निष्किने धुवाँ नियन्त्रण गरौं,
- वातावरण प्रदुषण नियन्त्रणका लागि सामुहिक प्रयास गरौं,

सफा वातावरण, स्वस्थ्य जीवन ।

नेपाल सरकार, विज्ञापन बोर्ड

विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।

पूर्वाधार विकास कार्यालय
विराटनगर, मोरंग

पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# जेनजी पुस्ताको मागलाई सम्बोधन गरौं

जेनजी यूवा पुस्तालाई बुझ्नु आजका नीति निर्माता, अभिभावक, समाजशास्त्री र सम्पूर्ण समाजका लागि चुनौती मात्रै होइन, आवश्यकता पनि बनेको छ । समयसँगै मूल्य, सोच, प्रविधि र जीवनशैली नै तीव्र रूपमा परिवर्तन भइरहेको अवस्थामा पुराना ढर्राले अब काम गर्दैनन् । समाजलाई समृद्ध र सक्षम बनाउने लक्ष्य अघि सार्ने हो भने जेनजी पुस्ताका माग, अपेक्षा र आवाजलाई संयमित तरिकाले सुन्न र सम्बोधन गर्न जरुरी छ । खास गरी गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको मुख्य माग भ्रष्टाचार अन्त र शुसासन कायम रहेकोले त्यसलाई पूरा गर्न सवै एकजुट भएर लाग्नु पर्छ ।

जेनजी पुताको स्वतन्त्रता, पहिचान र अवसरका मुद्दामा अत्यन्तै सचेत छन् । उनीहरूले अभिव्यक्ति स्वतन्त्रता, बलियो शिक्षा, कार्यस्थलमा समान अवसर र सुरक्षित डिजिटल वातावरणलाई प्राथमिकतामा राख्छन् । आजका युवाहरू कागजी नारा होइन, व्यवहारिक परिवर्तन चाहन्छन् । पारदर्शी शासन, भ्रष्टाचारविरुद्ध कडाइ, तथा योग्यता आधारित प्रणालीको कार्यान्वयनमा उनीहरूको माग सामान्य असन्तुष्टिबाट होइन, परिवर्तनप्रति देखिएको प्रतिबद्धता र राम्रो भविष्य निर्माण गर्ने इच्छाबाट आएको हामी सबैले बुझ्नु पर्छ । स्थानीय तहदेखि संघीय तहसम्म युवालाई नीतिनिर्माणमा समेट्ने व्यवस्था आजको अपरिहार्यता हो । युवाशक्ति देशको उर्जा हो । यसलाई बेवास्ता गर्नु देशकै भविष्य कमजोर हुन्छ ।

जेनजी पुस्ताका मागलाई संबोधन गर्नु केवल उनीहरूलाई "सन्तुष्ट" बनाउने काम मात्र होइन, देशलाई दीगो, गतिशील र नवप्रवर्तनशील बनाउने पूर्वशर्त हो । उनीहरूले उठाएका मुद्दा आधुनिक राष्ट्रको आधारस्तम्भ हुन् । त्यसैले हामी सबै मिलेर जेनजी पुस्ताका आवाजलाई नीतिमा, व्यवहारमा र संस्थागत परिवर्तनमा रूपान्तरण गर्न सक्षम भयौं भने मात्र उज्ज्वल भोलिको निर्माण सम्भव हुनेछ । त्यसैले जेनजी पूस्ताको मागलाई सम्बोधन गर्न सवै एकजुट भएर लाग्नु पर्ने अहिलेको आवश्यकता हो ।

# आसन निर्वाचन : संकटको पुनरावृति कि आशाजनक सुरुवात

**सन्दिप पराजुली**

देश अहिले राजनीतिक र संवैधानिक अन्योलबाट गुज्रिरहेको छ, जसले निर्वाचनलाई आधार खोजिरहेको छ ।

निर्वाचनले नयाँ जनमत ल्याई देशलाई नयाँ दिशा दिने, त्रास कम गर्ने र नयाँ सुरुवातको वातावरण बनाउने आशा गरिएको छ ।

लेखमा पुरानै पात्र दोहोरिने र दलभित्रको स्वार्थ समूहको कब्जा जस्ता समस्याले सुधारको आशा कमजोर हुने जोखिम औंल्याइएको छ ।

देश अहिले सामान्य अवस्थामा छैन । ठुलो राजनीतिक तथा संवैधानिक अन्योलबाट गुज्रिरहेको छ । देशको अहिलेको अवस्थाबारे विविध कोणबाट बहस पनि हुँदैछ । कसैको बुझाइमा अहिले नेपाल सङ्क्रमणकालमा छ । कसैले यसलाई अवसर देखेका छन् भने केही मानिस देशमा स्थायित्वका सबै ढोका बन्द भइरहेको तर्क गर्दैछन् । बहसका आफ्नै विशेषता छन् । स्वाभाविक रूपमा सबै बुझाइका आफ्ना गुण र दोष त हुने नै भए ।

यी सबै बहसभन्दा माथि एउटा विषय भने बिलकुलै स्पष्ट छ । तरल र दिशाहीन बन्ने जोखिममा रहेको देशले अहिले आफूलाई टेको दिने एउटा आधार खोजिरहेको छ । आजको दिनमा त्यस्तो आधार भनेको निर्वाचन हो । हामीले अभ्यास गरेको लोकतन्त्रमा जनताको हातमा रहेको सबैभन्दा ठुलो शक्ति निर्वाचन हो ।

त्यसैबाट उनीहरूले आफ्ना असन्तोष, अपेक्षा एवं भविष्यका लागि बनाएका योजना प्रकट गर्छन् । जनताले अब हुने भनिएको चुनावबाट आशा राखेका छन् । आशा सामान्य छैन । निर्वाचन मार्फत आउने नयाँ जनमतले देशलाई नयाँ दिशातिर धकेल्ने, जनतामा कायम त्रासबाट केही राहत दिने तथा कम्तीमा नयाँ सुरुवातका लागि वातावरण सिर्जना गर्ने ठानेका छन् ।

राजनीति यति सामान्य र सरल रेखामा अघि बढ्नेमा आशङ्का गर्नुपर्ने धेरै आधार छन् । चुनावले तात्त्विक परिवर्तन ल्याउन सक्छ कि सक्दैन भन्ने प्रश्नको उत्तर सहज छैन । यसको उत्तर राजनीतिक चेतना, दलहरूको भित्री अनुशासन, नेतृत्वको दूरदृष्टि र व्यवस्थापकीय क्षमतासँग जोडिएको हुन्छ । हाम्रो राजनीतिक संस्कार समस्यारहित पक्कै छैन । व्यक्तिवाद, गुटबन्दी र अस्थायी सहमतिमा आधारित राज-नीतिक अभ्यास कायम रहेको अवस्थामा परिवर्तनको गति सुस्त र अनिश्चित देखिनु स्वाभाविक हो ।

फागुनमा हुने भनिएको निर्वाचनमा पुरानै पात्रहरू निरन्तर दोहोरिने हो भने देशले चाहेको ताजगी, नवीन ऊर्जा तथा सुधारको आशा फेरि कमजोर बन्ने जोखिम हुन्छ ।

निर्वाचनलाई राजनीतिक निकासको साधन बनाउने हो भने, त्यसका लागि चाल्नुपर्ने केही आधारभूत कदमहरू छन् । उम्मेदवार चयनको प्रक्रियामा सुधार हुने हो भने निकास र आशाको पहिलो ढोका खुल्न सक्छ । दलहरूले राजनीतिक माहौल र छलफललाई यथास्थितिमै राख्ने पुरानै अनुहार भन्दा परिवर्तनका कार्यभार बोक्न सक्षम, पारदर्शी चिन्तन भएका तथा जनहितलाई प्राथमिकता दिन सक्ने व्यक्तिहरूलाई अघि ल्याउन सकेको खण्डमा राजनीति स्वस्थ मार्गमा प्रवेश गर्ने सम्भावना हुन्छ ।

फागुनमा हुने भनिएको निर्वाचनमा पुरानै पात्रहरू निरन्तर दोहोरिने हो भने देशले चाहेको ताजगी, नवीन ऊर्जा तथा सुधारको आशा फेरि कमजोर बन्ने जोखिम हुन्छ । निर्वाचनले नयाँ आशा दिन सकेन भने त्यसको सान्दर्भिकतामै प्रश्न उठ्छ । जनभावना आत्मसात् गर्न सक्ने तथा नयाँ दृष्टिकोण बोकेका प्रतिनिधिहरू लाई टिकट दिन सके भने मात्र पार्टीप्रति हराउँदै गएको भरोसा पुनः हासिल हुने सम्भावना हुने छ ।

पक्कै पनि चुनावले मात्रै परिवर्तनको सुनिश्चितता गर्दैन । नेतृत्वका निर्णय, संस्थागत क्षमता एवम् राजनीतिक इच्छाशक्तिमा सुधारको बाटो निर्भर हुन्छ । चुनावले आशा त जगाउँछ । तर त्यही आशालाई निष्कर्षमा पुऱ्याउने जिम्मा सरकार र राजनीतिक दलहरूको हो ।

तर दलहरू खासगरी नेतृत्व पङ्क्तले पुरानै गल्तीहरू दोहोऱ्याउँदै जनताको अपेक्षा पूरा गर्ने इमानदार प्रयास नगरेको एवं सुधारका प्रक्रियाहरू अवरुद्ध रहेको सन्देश जाने अवस्था सिर्जना भएको खण्डमा पुनः केही वर्षको अन्तरालमा अहिलेको जस्तै निराशाको कथा दोहोरिनु अवश्यम्भावी बन्न सक्छ ।

निर्वाचनले निराशा मात्रै बोकेर आएको छैन । यसमा अवसरहरू पनि छन् । नेतृत्वले नागरिकको आवाज ठम्याउँदै पारदर्शी, दूरदृष्टियुक्त र परिणाममुखी राजनीति अघि बढाएको अवस्थामा आसन्न निर्वाचनले निर्णायक परिवर्तनको आधारशिला खडा गर्न सक्छ ।

गहिरो आशङ्का र संवेदनशील प्रश्नहरू धेरै छन् । अहिलेकै राजनीतिक प्रणालीले देशले खोजेको स्थिरता र निकास दिन सक्छ त ? यो नयाँ र आकस्मिक प्रश्न होइन । विगत १७ वर्षयतादेखि चलेका धेरै जसो आन्दोलनहरूको पछाडि कुनै न कुनै रूपमा राजनीतिक अस्थिरताको पनि भूमिका छ ।

गणतन्त्र अभ्यासको करिब दुई दशक पुग्दासम्म अपवाद बाहेक पनि कुनै दलले स्पष्ट बहुमत ल्याउन सकेका छैनन् । फलतः देश निरन्तर अस्थिर बनिरह्यो । एक-दुई सिट पाएका दलहरूले समेत प्रधानमन्त्री छनोट, शक्ति समीकरण निर्माण जस्ता सन्दर्भमा बार्गेनिङ गर्ने एवं सहमतिको सट्टा अवसर खोज्ने प्रवृत्तिले अस्थिरता झन् गहिराउन भूमिका खेल्यो। ठुला दलहरू पनि गैरजिम्मेवार बनेर क्षणिक लाभका लागि साना दलहरूसँगको मिलेमतोमा दाउपेचमा लागेपछि राष्ट्रिय हित ओझेलमा पर्नु स्वाभाविकै भयो । यी सबै अस्थिरताको जगमा हाम्रो निर्वाचन प्रणाली छ ।

देशलाई स्थिर मार्गमा लैजाने हो भने निर्वाचन प्रणालीमा पुनरावलोकन जरुरी भइसकेको छ । शासकीय स्वरूपका संरचना गत कमजोरी नहटाई दीर्घकालीन नीति, स्थिर सरकार एवं जनताले अपेक्षा गरेको प्रगतिको दिशा लिन धेरै अप्ठेरो छ । दलभित्रका विवाद, अविश्वास, सत्ता साझेदारीमा हुने अनिश्चितता जस्ता कारणले पटक-पटक सराकार बदलिएको देखिए ।

सरकारहरू कमजोर बन्दा नीति निर्माण प्रभावकारी हुन सकेन । फलतः व्यवस्था कमजोर देखियो । नीतिगत अस्थिरताका कारण दिगो र दीर्घकालीन नीति बन्न नसक्दा देशले सम्भावित ठुलो फड्को मार्ने अवसर गुमायो । आजका दिनमा उत्पन्न असहज परिस्थितिमा कुनै न कुनै रूपमा त्यही व्यवस्थाजन्य दोष पनि जिम्मेवार छ ।

पक्कै पनि संविधान र व्यवस्थामा दोष छन् । तथापि तीनै समस्या देखाएर संविधान भन्दा बाहिरका विकल्प खोज्नु भने घातक हुन्छ । परिवर्तन आकाङ्क्षालाई संविधानकै दायराभित्र रहेर कानुनी प्रक्रिया तथा जनमतको मार्ग हुँदै सार्थक बनाउनुपर्छ । निर्णय जनताले नै गर्ने हो । जनताको निर्णय स्थापित विधिको बाटोबाट लागू गर्दा जोखिम न्यूनीकरण हुनसक्छ ।

व्यवस्थित विधिमार्फत

वांकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मोरंगको धनपालथान गाउँपालिका वडा नं. २ मा रहेका ग्रामथानको परिचय

### १. कुशमाहा ग्रामथान

धनपालथान गाउँपालिका वडा नं. २ मा सडकदक्षिण कुशमाहा ग्रामथान रहेको छ। उक्त ग्रामथानमा बैशाख ५ गते भव्य रूपमा पूजापाठ गरी मेला लाग्ने गरेको छ।

स्थानीय ५० वर्षिय रामदेव मण्डल (गनगाई)का अनुसार उक्त ग्रामथानमा हाल दक्षिण फर्केको दुई कोठा र पूर्व फर्केको दुई कोठाको सोना पक्कीको घर निर्माणधीन अवस्थामा रहेको छ। उक्त ग्रामथानको स्थापना कहिले भएको यकिन हुन सकेको छैन। तर बाबुबाजेको पालादेखि पूजापाठ गर्दै आएको सम्झना छ।




"हामीले पनि त्यसैलाई निरन्तरता दिँदै आएकाछौं, स्थानीय ४८ वर्षिय बतासु राय (गनगाई)ले बताए। बाबु बाजेको पालामा बाँस, कर्ची र पराल (स्थानीय भाषामा दाभी) प्रयोग गरी मन्दिर निर्माण गरी पूजा गरेको हामीले देखेका थियौं। त्यसपछि हामी गाउँहरू मिलेर काठको खम्बा र टिनको छाना हालेर घर बनाएर ग्रामदेवताको पूजा गर्दै आएका छौं, राय भन्छन्।

ग्रामथानका लागि गाउँ बासीबाट चन्दा उठाएर (स्थानीय भाषामा वेहरी) दुईवटा पाठा, एकवटा पाठी, परेवा १४ थान, कुखुराको बच्चा १ थान, पान, सुपारी, मिठाई, खिर, हलुवा लगायतका सामग्रीले पूजा गर्दै आएको पुजारी राजकिशोर मण्डल (गनगाई) ले बताए। करिब एक कट्ठा क्षेत्रफल रहेको ग्रामथानमा सयवर्ष जति पुरानो तित्री (इमली) को रुख रहेको छ।

### २. ग्रामथान अमाही

धनपालथान गाउँपालिका वडा नं. २ को अमाही टोलको सडकदेखि करिब आधा किलोमिटर दक्षिण चारैतिर खेती र बीचमा करिब एक कट्टा क्षेत्रफल भएको सरकारी जग्गामा ग्रामथान अमाही रहेको छ।

उक्त स्थानमा दक्षिण फर्केको ईटाको पर्खाल र टिनाको छाना, पूर्व मुख फर्केको ईंटाको पर्खाल र टिनाको छाना रहेको दुइवटा साना घरहरू रहेको छन्। उक्त स्थानमा हरेक वर्ष बैशाख ७ गते पूजाहुने गरेको स्थानीय ६५ वर्षिय धनीराम राय (गनगाई)ले बताए। रायका अनुसार पहिले ग्रामथान बाँस, कर्टी, परालले बनेको थियो। करिब ३० वर्ष पहिले ग्रामथानमा रहेको पाखरको रुख बिक्री गरेर त्यसबाट आएको पैसाले पक्की घर निर्माण गरिएको थियो।



ग्रामथानमा बलि दिने प्रथा पनि थियो। करिब २५ वर्ष पहिले बलि प्रथा अन्त्य गर्दै फलफूल, मिठाई, केरा, खिर, दुध, दही, ठठेलका घोडा लगायतका सामग्री लिएर पुजा गर्दैं आएको स्थानीय ५५ वर्षिय देवु राय (गनगाई)ले बताए। यसभन्दा पहिले घोनाई थामी, सुकमु धामीले पूजा गर्दै आएका थिए।

### ३. ग्रामथान बरियाती

धनपालथान गाउँपालिका वडा नं. २ को बरियाती टोलको पश्चिम जाने सडकदेखि अलिक पर दक्षिणतिर चारैतिर खेतर बीचमा करिबएक कट्ठा जग्गाको क्षेत्रफल ओगटेको ग्रामथान बरियातीमा दक्षिण फर्केको तीन कोठाको पक्की घर र पूर्व फर्केको एक कोठाको ग्रामथान रहेको छ।

चैतको अन्तिम दिन ग्रामथानमा टोलबस्तीका सबै मिलेर चन्दा (स्थानीय भाषामा वेहरी) उठाएर पूजापाठ गर्ने चलन रहेको स्थानीय ४२ वर्षिय भागवत मण्डल (गनगाई)ले जानकारी दिए। मण्डलका अनुसार पाँच वर्ष पहिले बाँस, कर्ची, परालको घर थियो। गाउँबासीको सहयोगमा त्यसलाई भत्काएर पक्की भवन निर्माण गरिएका छ।



कनकलाल मण्डल अहिले पुजारी छन्। उनले दुई जोडी पाठापाठी, परेवा, फलफुल लगायतको सामग्री लिएरले पूजागर्दै आएका छन्। उक्त ग्रामथानको स्थापना कहिले भएको हो भन्ने बारेमा कसैबाट जानकारी पाइएन।

### ४. ग्रामथान बरियाती ठाकुर टोल

धनपालथान गाउँपालिका वडा नं. २ को बरियाती ठाकुर टोलको सडकको पूर्वपट्टिबरियाती ग्रामथान रहेको छ। ग्रामथानमा पूर्व मुख फर्केको तीन कोठाको र दक्षिण मुख फर्केको दुई कोठाको पक्की घरहरू रहेको छन्।

यो ग्रामथान कहिले स्थापना भएको हो यकिन हुन सकेन। पुर्खाको पालादेखि नै पूजापाठ गर्दै आएको बताउँछन् स्थानीयबासी जनता। हाल हरेक वर्ष बैशाख ५ गते यस ग्रामथानमा पुजापाठ गरी मेला लगाउने गरिन्छ, स्थानीय ६० वर्षिय गंगाप्रसाद मण्डल (गनगाई)ले बताए।



पहिले उक्त ग्रामथानको बाँस, कर्ची, परालको झुपडी जस्तो घर थियो। करिब ५ वर्ष पहिले ईंटको घेराबेरा लगाइएको थियो भने दुई वर्षपहिले वडा कार्यालयको आर्थिक सहयोगमा पक्की घर निर्माण भएको मण्डलको भनाइ छ।

बैशाख ५ गते हुने पूजामा दुई जोडी पाठापाठी, परेवा आठ थान तथा फलफूल, पान, सुपारी, मिठाई ठठेलको घोडा लगायतको सामग्रीले पूजा गरिने स्थानीय प्रसाद मण्डलले बताए। उक्त ग्रामथानमा भाकल गरेपछिपुरा हुने जनविश्वास रहेको छ।

# प्रशिक्षार्थी अधिकृतहरूको अवलोकन भ्रमण

विराटनगर। सैनिक कमाण्ड तथा स्टाफ कलेज काठमाण्डौका प्रशिक्षार्थी अधिकृतहरुले कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर को अवलोकन भ्रमण गरेका छन्।

सैनिक कमाण्ड तथा स्टाफ कलेज काठमाण्डौमा सञ्चालन भईरहेको कमाण्ड तथा स्टाफ तालिममा तालिमरत शिक्षार्थी अधिकृतहरूलाई आन्तरिक अध्ययन भ्रमणको कार्यक्रम अनुसार कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर भ्रमणको क्रममा प्रशिक्षार्थीहरुलाई प्रहरी उपरीक्षक सुमन कुमार तिम्सिनाले नागरिक सहायता कक्ष, प्रशासन शाखा, अपराध अनुसन्धान शाखा लगायत सम्पूर्ण शाखाहरुको भ्रमण अवलोकन गराएको थियो।

अवलोकन भ्रमणको क्रममा प्रहरी उपरीक्षक तिम्सिनाले अधिकृत प्रशिक्षार्थीहरुलाई प्रहरीले सम्पादन गर्ने दैनिक काम कारवाही, अपराधको तथ्याङ्क, अपराध नियन्त्रणमा प्रहरी, फरार प्रतिवादी पक्राउ, लागू औषध नियन्त्रण, अन्य सुरक्षा निकायसंगको समन्वय र सहकार्य, जेन्जी आन्दोलन पश्चातका सुरक्षा चुनौती, आगामी निर्वाचनको सुरक्षा व्यवस्थापन लगायतका बिषयमा अवगत गराएको थियो।

प्रशिक्षार्थी अधिकृतहरुसंग छलफल तथा अन्तरक्रिया समेत गर्नु भएको थियो। अवलोकन भ्रमणको कार्यक्रम मा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर का प्रहरी वरिष्ठ उपरीक्षक दिपक पोखरेल, सैनिक तथा स्टाफ कलेज काठमाण्डौका प्रमुख सेनानी सुवास चन्द्र महत लगायत प्रहरी अधिकृतहरुको उपस्थिति रहेको थियो।

# सुनसरी, मोरङ र झापाबाट ६ जना पक्राउ

विराटनगर। सुनसरी, मोरंग र झापा जिल्लाको बिभिन्न स्थाहरुबाट लागू औषध सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। मंसिर १९ गते जिल्ला प्रहरी कार्यालय सुनसरीले बराक्षेत्र नगर पालिका- ६ का सुजन दाहाललाई २ ग्राम ३ मिलिग्राम ब्राउन सुगर सहित इनरुवा-४ बाट नियन्त्रणमा लिएको थियो

धरान-२० स्थितमा कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगर प्रादेशिक अनुसन्धान समुह (एक्ष्) र इलाका प्रहरी कार्यालय धर नबाट खटिएको प्रहरी टोलीले पैदलयात्री सोहि स्थानका मौसम राईलाई ११ किलोग्राम गाँजा सहित पक्राउ गरेको थियो।

त्यस्तै मोरङको विराटनगर-१५ बाट इलाका प्रहरी कार्यालय रानीले विराटनगर-१७का मो. अकबरलाई ११० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो।

मंसिर १८ गते वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले पैदलयात्री बिर्तामोड नगरपालिका-९ का बिनोद मर्डीलाई १ ग्राम १९० मिलिग्राम ब्राउन सुगर सहित र अस्थायी प्रहरी चौकी बुट्टाबारीले अर्जुनधारा नगर पालिका-११ का सक्षम दर्नाल र अबिन उराउलाई २२० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको छ।

पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ।


## वडा वासीहरूको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ।
- स्वास्थ्य सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ।
- सडक बाटोको अतिक्रमण नगरौ।

वडा अध्यक्ष : राम पोखरेल

८ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश

# जनताको भावना र चाहना अनुसार काम गर्न प्रदेश सरकार दृढ

विराटनगर । जनताको भावना र चाहना अनुसार काम गर्न प्रदेश सरकार दृढ रहेको कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले  वताएका छन् ।

सोमबार उदयपुरको चौदण्डी गढी नगरपालिका ५ सुन्दरपुरमा नवनिर्मित ब्याडमिन्टन कवडहल को उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले कोशी प्रदेश सरकार सके सम्म जनभावना अनुसार काम गर्न प्रतिबद्ध रहेको वताएको थियो ।



मुख्यमन्त्री कार्कीले सिमित स्रोत साधनका बावजुद जनताका असंख्य आवश्यकता पुरा गर्नु पर्ने बाध्यता प्रदेश र स्थानीय तहमा रहेको भएपनि आफुहरु दृढता का साथ जनभावना र जनचाहनालाई सम्बोधन गर्न लागिपरेको वताए ।

थोरै बजेटले धेरै काम गर्ने बाध्यताले गर्दा कोशी प्रदेश भित्र धेरै योजना अलपत्र परेकोले यसलाई  अबको दिनमा सच्याउँदै अघि बढ्ने समेत मुख्यमन्त्री कार्कीले भन्दै कोशी प्रदेश सरकारले २०७५ सालमा पहिलो पटक बजेट निर्माण गर्दा ४६ अर्बको बजेट बनाएको स्मरण गर्दै मुख्यमन्त्री कार्कीले तत्कालिन समयको माग र अहिलेको मागको तुलनामा अहिले जनताको माग धेरै भएको बेला प्रदेश सरकार बजेट घटेर ३६ अर्बमा सिमित हुँदा पनि कतिपय कामहरु सरकारले चाहेर पनि गर्न नसको वताएका थिए ।

उहाँले दिन प्रतिदिन जनताको आवश्यकता, बाटोघाटोको माग दिनप्रतिदिन बढ्दै गएको बेला देशको अर्थतन्त्रनै शिथिल भएर राज्यमा बजेटको आकार घट्दो क्रममा रहेकोले गर्दा समयमा जनताका माग पुरा नभएको पनि आफुहरु गम्भीर रहेको समेत वताए । मुख्यमन्त्री कार्कीले पहिला पहिला भौतिक पूर्वाधार निर्माणका क्षेत्रमा होस् वा अन्य क्षेत्रमा होस राज्यले कनिका छरेजस्तो गरि बजेट विनियोजन गर्ने क्रमको अन्य गर्दै अब कोशी सरकारले प्राथमिकताका आधारमा बजेट विनियोजन गर्दै जनचाहना र जनभावनाको सम्बोधन हुनेगरी काम गर्ने वताए ।

कोशी प्रदेश सरकारले २०७६/०७७ सालमा ५ लाख र नगरपालिकाको १० लाख रकम बिनियोजन गरेर निर्माण सुरु गरिएको सुन्दरपुर ब्याडमिन्टन कवडहलको गत बर्ष चौदण्डी गढी नगरपालिकाले ३२ लाख ८५ हजार रकम विनियोजन गरेर निर्माण सम्पन्न गरेको हो । उक्त नवनिर्मित सुन्दरपुर ब्याडमिन्टन कवडहल को मुख्यमन्त्री कार्कीले सोमबार उद्घाटन गर्नु भएको हो भने सोही हलमा यही मंसिर २० गतेबाट आयोजना हुने कोशी प्रदेश स्तरीय उपमेयर कप ब्याडमिन्टन प्रतियोगिताको समेत सोमबारै मुख्यमन्त्री कार्कीले उद्घाटन गरेको थियो ।

# जिल्ला प्रहरी कार्यालय तापलेजुङको निरीक्षण

विराटनगर । कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले जिल्ला प्रहरी कार्यालय ताप्लेजुङको निरीक्षण भ्रमण गरेका छन ।

मंसिर १६ गते निरीक्षण भ्रमणको क्रममा वहाँले कार्यालय भवन, सम्पूर्ण शाखाहरु तथा हिरासत कक्षको निरीक्षण गर्नुका साथै कार्यरत प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशन समेत दिएका थिए

निर्देशनको क्रममा वहाँले जाहाँ प्रहरी हुन्छ त्याहा राज्यको उपस्थिति हुन्छ, प्रहरी विनाको समाज अकल्पनिय हुन्छ, त्यसैले शान्ति सुरक्षा, अपराध अनुसन्धान तथा नियन्त्रणका लागी आम नागरीकमा प्रहरी सेवाको पहुँच पु¥याउन सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई निर्देशन दिएका थिए । साथै वहाँले दुर दराजमा रहेका जिल्लाहरुको ग्रमिण भेगहरुमा गएर सचेतनामुलक कार्यक्रम संचालन गरी समाजमा घट्ने बिभिन्न प्रकारका अपराधका घटनाहरुलाई निरुत्साहित गर्न जरुरी रहेको वताए ।

वहाँले सामूहिक भावना, भातृत्व, सहकार्य, समन्वयका साथ सङ्गठनको गरिमा सदैव उच्च राख्न तथा प्रशंसनिय कार्य गर्ने प्रहरी कर्मचारीहरुलाई पुरस्कृत गर्न र संगठनको छविमा आँच आउने प्रकारको कार्य गर्नेलाई तत्काल कारबाहीको दायरामा ल्याउने वताए । निर्देशनकै क्रममा वँहाले आगामी निर्वाचनलाई सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गराउनको लागी आफ्नो पदिय जिम्मेवारी अनुसार त्रुटि रहित तवरले कार्य गर्न निर्देशन दिएका थिए ।

निर्देशनकै क्रममा धार्मिक तथा पर्यटकिय ताप्लेजुङ जिल्लामा पाथीभरा माताको दर्शन गर्न देश तथा विदेशबाट आउनु हुने श्रद्धालु भक्तजनहरुले श्रद्दा र भय रहित वातावरणमा पुजा अर्चना गरी आफ्नो गन्तब्य सम्म जाने बातावरणको सृजना गर्न निर्देशन समेत दिएका थिए ।

निरिक्षण भ्रमण कार्यक्रममा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी उपरीक्षक नारायण प्रसाद चिमरिया, नेपाल प्रहरी विशेष सुरक्षा गण दुहबीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक केशव भट्टराई समेतको उपस्थिती रहेको थियो ।




# गुणकारी और लाभदायक पौधा नागदोन




नागदोन का पौधा ज्यादातर लोग देखे होंगे,पर इसके औषधीय गुण और उपयोग के बारे में बहुत कम लोगों को जानकारी होगी। यह पौधा घरों के आसपास,गार्डन बागीचे में देखने को मिल जाता है । इस पौधे के पत्ते को तोड़ने से दूध निकलता है ।

यह पौधा खूनी बवासीर में पीरियड्स के समस्या में,स्वास संबंधी समस्या में,पेशाब के जलन में और त्वचारोग, घाव फोड़ा, फुंसी  में बहुत ही गुणकारी और लाभदायक होता है ।

नागदोन के फायदे

**- खूनी बवासीर**

बवासीर होने पर मलद्वार के आसपास की नसों में सूजन आ जाती है । जिससे मलत्याग के समय खून आने लगता है । बावासीर की समस्या से राहत पाने में नागदोन का पौधा मदद कर सकता है । आयुर्वेद के अनुसार नागदोन का पौधा सूजन, दर्द और अन्य त्वचा संबंधित समस्याओं के उपचार में काफी फायदेमंद होता है । बवासीर के उपचार के लिए इसकी पत्तियों का रस निकालकर उसे सीधे प्रभावित स्थान पर लगाने से सूजन और दर्द में राहत मिलती है । इसके पत्ते को खाया भी जाता है नीचे सेवन विधि बताया गया है ।

**- पीरियड्स की  समस्या**

मासिक धर्म की समस्या किसी भी महिला के लिए काफी पीड़ादायक रहता है ऐसे स्थिति में नागदोन के पौधे में एनाल्जेसिक गुड होने के कारण पीरियड्स के दौरान होने वाले दर्द से राहत देता दिलाता है और हैवी ब्लीडिंग को कंट्रोल करता है

**- पेशाब में जलन का होना**

अगर बार बार पेशाब आता हो या फिर पेशाब करते समय पेशाब के रास्ते में पीड़ा और जलन रहता हो या फिर पेशाब में खून आता हो तो आप नागदोन के पौधे का इस्तेमाल कर सकते हैं ।

**- त्वचा रोग**

नागदोन का पौधा ब्लड प्यूरीफायर के रूप में काम करता इसके सेवन से खून साफ होता है और जलन को शांत करता है इसके पत्ते का पेस्ट बनाकर चेहरे पर लगाया जा सकता है जिससे चेहरे पर निखार आता है और त्वचा के सभी रोग दूर होते हैं ।

**-फोड़े फुंसी में लाभदायक**

नागदोन का पत्ता ब्लड प्यूरिफायर के रूप में जाना जाता है यह खून को साफ करके फोड़े फुंसी से राहत दिलाता है । इसके पत्ते पर थोड़ा सा घी लगा कर हल्का गर्म करके फोड़े पर बांधने से फोड़े के दर्द से तुरंत राहत मिलता है और इसी तरह ३/४ दिन लगातार करते रहने से फोड़े से भी छुटकारा मिल जाता है ।

**- कीड़े या सांप के काटने पर**

इसके पत्तों से निकलने वाला दूध काटे हुए स्थान पर लगाने से सूजन और जहर का प्रभाव कम होता है । यह किसानों के लिए विशेष रूप से उपयोगी है ।

**- कैंसर रोधी गुण**

कुछ शोधों में पाया गया है कि नागदोन में कैंसर रोधी गुण होते हैं, जो कैंसर कोशिकाओं के विकास को रोक सकते हैं ।

**- अस्थमा**

नागदोन के पत्तों का काढ़ा या बीजों का उपयोग अस्थमा के लक्षणों जैसे सीने में भारीपन, सूजन, और ऐंठन में राहत दे सकता है ।

**- सेवन विधि**

३ से ४(पत्ते बड़े हों तो २/३ कर दें) पत्ता नागदोन का और २/३ दाना कालीमिर्च सुबह खालीपेट चबा चबाकर खाएं या फिर इतनी ही मात्रा में लेकर काढ़ा बना कर सुबह खाली पेट लिया जा सकता है इसका सेवन करने के १ घंटा बाद बाद खाना पीना शुरू करें।  आजमाया हुआ नुस्खा है खूनी बवासीर में पहले दिन से ही रिजल्ट आना शुरू हो जाता है ।



# कोशी प्रदेशबाट एमाले सचिवमा एक दर्जन आकांक्षी





कोशी प्रदेशबाट एमाले सचिवमा एक दर्जन आकांक्षी

विराटनगर । नेकपा एमालेको ११ औं राष्ट्रिय महाधिवेशनमा कोशी प्रदेशबाट सचिव पदमा एक दर्जन आकांक्षी देखिएका छन् । महाधिवेशनको मिति नजिकिएसँगै पदाधिकारीमा दावी गर्नेहरुको संख्या बढ्दै गएको छ ।

कोशी प्रदेशका एक दर्जन नेताहरुले सचिवमा आफ्नो आकांक्षा रहेको बताएछन् । सचिव पदका लागि स्थायी कमिटी सदस्य भीम आचार्य, शेरधन राई, हिक्मतकुमार कार्की, भानुभक्त ढकाल, राजेन्द्र गौतम, लालबाबु पण्डित, अग्नि खरेल, पोलिटव्युरो सदस्य तिलकुमार मेन्याङ्बो, विशाल भट्टराई, केन्द्रीय सदस्य जीवन घिमिरे, पूर्व केन्द्रीय सदस्य विनाद ढकाल, पूर्व राष्ट्रिय सभा सदस्य परशुमेघी गुरुङले दावी गरेका छन् ।

सचिव पदमा दावी गर्नेहरु अधिकांश पार्टी संस्थापन पक्षका रहेका छन् । इश्वर पोखरेल समूहबाट कोशी प्रदेशमा सचिवको दावी गर्ने एक मात्र नेता विनोद ढकाल रहेका छन् ।

कोशी प्रदेशका मुख्यमन्त्री समेत रहेका हिक्मतकुमार कार्कीले सचिवको आकांक्षी रहेको बताए । उनले स्थायी कमिटी सदस्य भईसकेकाले अव पदाधिकारीमा जान चाहेका बताएका छन् ।

कोशी प्रदेशका संस्थापक मुख्यमन्त्री तथा एमाले कोशी प्रदेशका इन्चार्ज शेरधन राईले सचिवको तयारीमा रहेको बताएका छन् । उनले एक दुई दिनमा उम्मेदवारीबारे निश्चित हुने बताए ।

मोरङ इन्चार्ज जीवन घिमिरेले सचिव पदमा उम्मेदवारी दिने बताएका छन् । आफ्नो दीर्घ राजनीतिक अनुभव, संगठनात्मक जिम्मेवारी तथा समकालीन नेतृत्वसँगको सहयात्रालाई आधार बनाएर पार्टीको आगामी सचिव पदका लागि दाबी गरेको बताएका छन् । शंकर पोखरेल, घनश्याम भुसाल, भीम आचार्यहरूसँगै राजनीतिक यात्रा शुरु गरेको भन्दै उनले आगामी महाधिवेशनमा सचिव पदमा उम्मेदवारी दिने बताए ।

आसन्न महाधिवेशनमा सचिव पदमा उम्मेदवारी दिने नेता विनोद ढकालले बताएका छन् । केन्द्रीय सल्लाहकार परिषद्का सदस्य समेत रहेका ढकालले औपचारिक रुपमा केही दिनमै उम्मेदवारी घोषणा गर्ने बताएका छन् ।

नेता लालबाबु पण्डितले आफ्नो उम्मेदवारी पदाधिकारी मा रहेको बताए । उपाध्यक्ष, उपमहासचिव, सचिव जुनमा भएपनि पदाधिकारीमा आफ्नो दावी रहेको उनले बताए ।

पोलिटव्युरो सदस्य तिलकुमार मेन्याङ्बोले सचिव पदमा आफ्नो दावी रहेको बताए । उनले आफ्नो दावी कायम राख्नका लागि काठमाण्डौं जाँदै गरेको बताए ।

एमालेको विधानमा १५ पदाधिकारी बनाउने प्रावधान भएकाले अध्यक्ष केपी शर्मा ओलीलाई नेताहरूको व्यवस्थापन चुनौती छरु। भदौको विधान महाधिवेशनबाट ७० वर्षे उमेरहद र दुई कार्यकालको प्रावधान नहटाएको भए ओली र पोखरेल दौडबाट बाहिरिने थिएरु।

ओलीले तेस्रो कार्यकालका लागि अध्यक्ष हुने चाहना राखेपछि उक्त प्रावधान हटाइएको थियोरु। विधान महाधिवेशनले १९ सदस्यीय पदाधिकारी घटाएर १५ बनाएको छरु। राष्ट्रिय महाधिवेशनले अध्यक्ष, ३ उपाध्यक्ष, महासचिव, ३ उपमहासचिव, ७ सचिवसमेत २ सय ५१ सदस्यीय केन्द्रीय कमिटीको निर्वाचन गर्ने र प्रदेश कमिटीका अध्यक्षहरू पदेन सदस्य रहने व्यवस्था गरेको छ । अरुण खबरबाट

## आसन...

नागरिकले आफ्नो मतको माध्यबाट नेतृत्व, व्यवस्था र प्रणालीबारे रोज्नुपर्छ । त्यही छनोटलाई विवेकपूर्ण बनाएको अवस्थामा जनताको सचेत दबाबले नै सुधारको ढोका खोल्छ । प्रणालीलाई सक्षम बनाउँछ । साथै स्थिरताको आधार पनि निर्माण गर्छ ।

निरपेक्ष रूपमा सबै पुराना नेताहरू खराबै हुन भन्ने बुझाइ पनि सत्य होइन । धेरै अनुभवी नेताहरूले कठिन समयमा राष्ट्रलाई थामेका उदाहरण पनि हामीसँगै छन् । तिनको अनुभव अनमोल छ ।

निर्वाचनबाट आउने नयाँ अनुहार वा जनादेशले निकास दिन्छ कि दिँदैन भन्ने आशङ्का पनि नभएका होइनन् । दलहरू भित्रको स्वार्थ समूहको कब्जा, नेतृत्वमा अवाञ्छित शक्ति समूहरुको नियन्त्रण जस्ता समस्याले नयाँ बिचार, ऊर्जा र नेतृत्व आउन सक्नेमा धेरै प्रश्नहरू पनि छन् । दलहरूका संरचनामा विद्यमान नियन्त्रण र त्यसको दुरुपयोगका कथा फेरिएका छैनन् ।

तथापि अहिले निराशाको पक्ष मात्रै हेरेर रोकिनु हुँदैन । विवेकपूर्ण ढङ्गबाट आशाको ढोका खोल्ने सम्भावना पनि छन् । राजनीतिक दलहरू सचेत हुँदै पुराना नेताहरूले आफ्नो अनुभवसहित मार्गदर्शन गर्ने भूमिकामा रहेर जिम्मेवारी नयाँ पुस्तालाई सुम्पने वातावरण सिर्जना गर्नुपर्छ । दलको आन्तरिक संरचनाले युवाहरूलाई स्वतन्त्र रूपमा बढ्न दिने वातावरण सिर्जना हुनुपर्छ ।

निरपेक्ष रूपमा सबै पुराना नेताहरू खराबै हुन भन्ने बुझाइ पनि सत्य होइन । धेरै अनुभवी नेताहरूले कठिन समयमा राष्ट्रलाई थामेका उदाहरण पनि हामीसँगै छन् । तिनको अनुभव अनमोल छ । तर दशकौँसम्म निरन्तर मौका पाएका ती नेताहरूले अब पुस्तान्तरणको जिम्मेवारी पनि बुझ्नुपर्छ । राजनीतिक जीवनमा असीमित समयको अधिकार हुँदैन । जिम्मेवारी पूरा भएपछि मार्गदर्शकको भूमिकाबाट पनि देशलाई ठुलो योगदान दिन सकिन्छ ।

अहिले यही सन्तुलन चाहिएको छ । परिवर्तनको नाममा पुरानाको निषेध पनि पनि परिपक्वता होइन । पाका नेताहरूको सकारात्मक अनुभव र नयाँ पुस्ताको ऊर्जा दुवै आवश्यक हुन्छ । दुवै मिलेरै मात्र देशलाई अगाडि बढाउन सकिन्छ । नवीन ऊर्जा, विचार नेतृत्वलाई मार्गप्रशस्त गरेको अवस्थामा परिवर्तन असम्भव छैन । देशले हरेक पक्षबाट जिम्मेवारी खोजेको छ । व्यक्तिगत, गुटगत एवम् दलगत स्वार्थबाट माथि उठ्नु अपरिहार्य भएको छ ।

देश आजको अनिश्चितता दीर्घकालसम्म थेग्न सक्ने अवस्थामा छैन । आसन्न निर्वाचनले स्थिरता, विश्वसनीयता र परिवर्तनको बाटो खोल्नुपर्छ । दलहरूले आन्तरिक सुधार गर्नुपर्छ । नेतृत्वले दिशानिर्देश गर्न चुक्नुहुँदैन । जनताले आफ्नो अधिकार प्रयोग गरेर देशलाई उठाउने अवसर फेरि एकपटक सिर्जना गर्नुपर्छ ।

निर्णय विवेकपूर्ण भयो भने निश्चय पनि देशलाई नयाँ मोड लिनेछ । आजको चुनौतीपूर्ण समय भविष्यका लागि नयाँ अध्यायको सुरुवात बन्न सम्भव छ । निराश नबनौं । विवेक नभुलौं ।


तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।


# नागरिक मैत्री प्रहरी सेवा प्रदान गर्न निर्देशन

विराटनगर । कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले जिल्ला प्रहरी कार्यालय पाचँथरको निरीक्षण भ्रमणको क्रममा नागरिकमैत्री प्रहरी सेवा प्रदान गर्न निर्देशन दिएको छ ।

मंसिर १७ गते निरीक्षण भ्रमणको क्रममा वहाँले कार्यालय भवन, सम्पूर्ण शाखाहरु तथा हिरासत कक्षको निरीक्षण गर्नुका साथै कार्यरत प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशन समेत दिएको थियो ।

वँहाले समाजमा अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम राख्ने कार्यमा नेपाल प्रहरी सदैव अग्रणी स्थानमा रहेर कार्य गर्दै आईरहेको बताउदै आपसी भाईचारा तथा सहयोगी भावनाको बिकाश गरी आचरण तथा व्यवहारमा सुधार ल्याई आफ्नो काम कर्तव्य, जिम्मेवारी तथा अधिकारको पालना गरी संगठनको हित र उद्धेश्यलाई सदैव प्राथमिकतामा राखी नागरिकमैत्री प्रहरी सेवा प्रदान गर्न प्रहरी कर्मचारीहरुलाई निर्देशन दिएको थियो ।

जिल्लाका दुरदराजमा रहेका बस्तीहरुमा शान्ति सुरक्षा कायम राख्न लामो तथा छोटो दुरीको गस्ती परिचालन गर्न र चेतनाको कमीको कारण हुने घटना दुर्घटनालाई नियन्त्रण गर्न सचेतनामुलक कार्यक्रमहरु प्रभावकारीरुपमा संचालन गर्न निर्देशन दिनुका साथै आगामी निर्वाचनलाई सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गराउनको लागी आफ्नो पदिय जिम्मेवारी अनुसार त्रुटि रहित तवरले कार्य गर्न निर्देशन दिएका थिए ।

निरीक्षण भ्रमणको क्रममा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी उपरीक्षक नारायण प्रसाद चिमरिया, नेपाल प्रहरी विशेष सुरक्षा गण दुहबीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक केशव भट्टराई समेतको उपस्थिती रहेको थियो ।

# स्रोत नखुलेको अवैद्ध रकम सहित एकजना पक्राउ

विराटनगर । सुनसरीको इनरुवा नगरपालिका-९ स्थित इनरुवा-जाल्पापुर भित्री सडक खण्डबाट ४ सय ६० किलोग्राम लागूऔषध गाँजा सहित सवारी साधन नियन्त्रणमा लिईएको छ ।

मंसिर १६ गते जिल्ला प्रहरी कार्यालय सुनसरीबाट प्रहरी उपरीक्षक केशव कुमार थेवेको कमाण्डमा खटिएको प्रहरी टोलीले सडक छेउमा रोकी राखेको बा. ३ च ५५८५ नम्बरको स्कारपियो गाडीलाई संका लागी चेकजाँचको क्रममा गाडी भित्र १६ वटा प्लास्टिकको बोरामा प्याकिङ गरी राखेको ४ सय ६० किलोग्राम गाँजा बरामद गरेको थियो ।

गाडीबाट गाँजा बरामद भएसंगै ओसार पसारमा संलग्न चालकको खोजतलास भईरहेको छ । यसै गरी इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान-१३ स्थितमा चेकजाँचको क्रममा शहिदभूमी गाउँपालिका-७ का रोहन राईलाई ८ किलो ४९५ ग्राम गाँजा सहित पक्राउ गरेको थियो ।




## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा अध्यक्ष : अर्जुन गिरी

१० नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश